मितिः २०७८/०१/१५ गते

समयः ३:०० बजे

स्थानः जिल्ला प्रशासन कार्यालयको सभाहल

प्रमुख जिल्ला अधिकारी श्री दिपकराज नेपालज्यूको अध्यक्षता र तपसिलको उपस्थितिमा स्याङ्जा जिल्ला DCCMC को बैठक बसी देहायको निर्णय गरियो ।

| | |
|---|---|
| जिल्ला समन्वय प्रमुख श्री सीता कुमारी सुन्दास | - सल्लाहकार |
| पुतलीबजार नगरपालिका प्रमुख श्री सीमा कुमारी क्षेत्री | - सल्लाहकार |
| प्रमुख जिल्ला अधिकारी श्री दिपकराज नेपाल | - अध्यक्ष |
| जिल्ला समन्वय अधिकारी श्री ऋषिराम आचार्य | - सदस्य |
| प्रहरी उपरीक्षक श्री होविन्द्र बोगटी | - सदस्य |
| सशस्त्र प्रहरी निरीक्षक श्री लिला बहादुर भुजेल | - सदस्य |
| सह सेनानी श्री ज्ञान बहादुर अधिकारी | - सदस्य |
| प्रमुख अनुसन्धान अधिकृत श्री सुरेश कुमार तिवारी | - सदस्य |
| मेडिकल सुपरिटेन्डेण्ट डा. रमेश प्रसाद आचार्य | - सदस्य |
| स्वास्थ्य कार्यालय प्रमुख श्री विष्णु सुवेदी | - सदस्य |
| मन्त्री, रेडक्रश शाखा स्याङ्जा श्री दिनेश अर्याल | - सदस्य |
| सहायक प्रमुख जिल्ला अधिकारी श्री हरि प्रसाद शर्मा | - सदस्य सचिव |

आमन्त्रितः

श्री दिलिप बगाले, जिल्ला समन्वय समिति उपप्रमुख

पार्टी प्रमुख/प्रतिनिधी, ने.क.पा. एमाले, स्याङ्जा

श्री कुमार राना- का.वा. सभापति, नेपाली काँग्रेस, स्याङ्जा

श्री नारायण प्रसाद लम्साल, माओवादी केन्द्र, स्याङ्जा

श्री भुमिजंग के.सी, अध्यक्ष रा.प्र.पा, स्याङ्जा

श्री विश्वबन्धु पौडेल, अध्यक्ष रा.प्र.पा, स्याङ्जा

श्री खेमनारायण ढकाल, जनता समाजवादी पार्टी, स्याङ्जा

श्री श्रीकृष्ण सिग्देल- अध्यक्ष, पत्रकार महासंघ, स्याङ्जा

श्री रविन्द्र श्रेष्ठ- अध्यक्ष, उद्योग वाणिज्य संघ, स्याङ्जा

श्री सुन्दर श्रेष्ठ- सदस्य, नेपाल चेम्बर अफ कमर्श, स्याङ्जा

श्री यादवराज शर्मा-प्रतिनिधि, नागरिक समाज, स्याङ्जा

श्री ओमप्रकाश शर्मा- प्रतिनिधि, नागरिक समाज, स्याङ्जा

श्री राजेन्द्र मरासिनी -अध्यक्ष, उपभोक्ता संरक्षण मञ्च, स्याङ्जा

श्री हिमाल प्रसाद रेग्मी घरेलु तथा साना उद्योग कार्यालय

निर्णयहरुः

१. नेपाल सरकार मं.प.बै.सं. ३/०७८, मिति २०७८/०१/१३ को निर्णय बैठकमा जानकारी भई सो अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो । साथै उक्त निर्णयानुसार देशभरका सम्पूर्ण विद्यालय तथा शिक्षालयबाट हुने पठनपाठन भौतिक उपस्थिति नभई भर्चुअल माध्यमबाट जारी राखे र भौतिक उपस्थितिमा हुने भनिएका पूर्व निर्धारित सबै प्रकारका परीक्षाहरु अर्को आदेश नभएसम्मका लागि स्थगित गर्ने निर्देशन सम्बन्धमा उक्त निर्णय कार्यान्वयनको लागि जिल्ला प्रशासन कार्यालयबाट मिति २०७८/०१/१४ गते जिल्लाका सबै स्थानीय तहहरु र शिक्षा विकास तथा समन्वय ईकाइ स्याङ्जालाई लेखिएको पत्र बैठकमा जानकारी गराइयो ।

२. उपभोक्ता हितसँग सम्बन्धित गुनासाहरु सम्बोधन गर्नका लागि जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत उज्वल बहादुर बस्नेत, प्रहरी निरीक्षक पदमराज थापा तथा घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख इश्वरी प्रसाद रेग्मी सम्मिलित संयन्त्र गठन तथा सो संयन्त्रको काम, कर्तव्यका साथै उक्त संयन्त्रमा गुनासो गर्न सम्बन्धित सबैलाई अनुरोध गरिएकोबारे बैठकमा जानकारी गराइयो ।

३. भारतबाट स्थलमार्ग भई नेपाल प्रवेश गर्ने नेपाली नागरिकहरुको हकमा सम्बन्धित स्थानीय तहले आफ्नो निगरानीमा अनिवार्य रुपमा १० दिनसम्म होम क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउने। त्यस्ता व्यक्तिहरु होम क्वारेन्टाइनमा बसे नबसेको सम्बन्धमा DCCMC र सम्बन्धित स्थानीय तहबाट अनुगमन गर्ने ।

४. आवश्यक वस्तु तथा सेवा आपूर्ति गर्ने निजी व्यवसायीहरुले अनावश्यक भिडभाड हुन नदिइ जनस्वास्थ्यका मापदण्ड पालना हुने गरी व्यवसाय सञ्चालनको व्यवस्था मिलाउने र यसको समन्वय उद्योग बाणिज्य संघ, स्याङ्जा र नेपाल चेम्बर अफ कमर्स स्याङ्जाले गर्ने।

५. सम्पूर्ण मठ मन्दिर, गुम्बा, मस्जिद, चर्चहरुमा नित्य पूजा बाहेक अन्य व्यक्तिहरु भेला जम्मा हुन नदिने गरी मिति २०७८/०१/०८ गतेको DCCMC को बैठकबाट निर्णय भैसकेको हुँदा त्यस्ता स्थल/परिसर भित्र विवाह, व्रतबन्ध जस्ता सामाजिक, सौंस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्न रोक लगाउने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय

दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी

६. जिल्लामा संक्रमणको जोखिम र दर दुबै बढ्दै गईरहेको सन्दर्भमा विवाह, व्रतबन्ध लगायतका कार्यक्रमहरु जिल्लाका होटल तथा पार्टी प्यालेसमा सञ्चालन गर्न रोक लगाउने ।

७. जिल्ला अस्पताल स्याङ्जा र स्वास्थ्य कार्यालय स्याङ्जाले आवश्यक समन्वय गरी भिरकोट नगरपालिकास्थित कालिका सामुदायिक अस्पतालमा तत्काल कोभिड वार्ड सञ्चालनको व्यवस्था मिलाउने ।

८. बजारमा उपभोग्य, निर्माण लगायत अन्य वस्तु तथा सामानहरुको कम्तीमा ३ महिनाको लागि पुग्ने गरी मौज्दात राखी सहज आपूर्तिको व्यवस्था उद्योग वाणिज्य संघ, स्याङ्जा र नेपाल च्याम्बर अफ कमर्स, स्याङ्जाले मिलाउने ।

९. २०७८ साल वैशाख १५ गतेको बजार मूल्यलाई आधार (Baseline) कायम गरी हालको अवस्थामा वस्तु तथा सामानहरुको बिक्री वितरणमा सोभन्दा बढी मूल्य नहुने गरी बिक्री वितरणको आवश्यक व्यवस्था मिलाउने । साथै उद्योग वाणिज्य संघ, स्याङ्जा र नेपाल चेम्बर अफ कमर्स, स्याङ्जाले वस्तु तथा सामाग्रीहरुको हालको खुद्रा मूल्य २ दिनभित्र जिल्ला प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र सम्बन्धित स्थानीय तहमा पठाउने।

१०. जिल्लागत एवं स्थानीय बजार अनुगमनलाई समन्वयात्मक रुपमा तीब्रता दिने ।

०७८।१।१५
दिपकराज नेपाल
प्रमुख जिल्ला अधिकारी